

# पत्रकारिता जीवनको उद्देश्य
# – प्रेमकुमारी पन्त



● निर्मला आचार्य

महिलालाई घर भित्रै राख्नुपर्छ भन्ने मान्यता रहेको राणा शासनको पालामा एक यस्तो महिलाले जन्म लिनुभयो, जसले नेपाली महिलाको इतिहासमा नयाँ अध्याय थप्न सफल हुनुभयो, उहाँ हुनुहुन्छ प्रेमकुमारी पन्त । उहाँ करिब पाँच दशकदेखि नेपालमा अंग्रेजी भाषाको पत्रकारितामा क्रियाशिल हुनुहुन्छ । उहाँको जोसजाँगर ७२ वर्ष नाघिसक्दा अहिले पनि उस्तै छ । गोर्खा गाईखुरमा वि.स.२००३ साल माघ १९ गते आमा लक्ष्मीकुमारी र बाबा लक्ष्मीदत्त पन्तको चौथो सन्तानको रूपमा जन्मनु भएकी पन्तको तीन दाजु र एक भाइ हुनुहुन्छ । आमा बुबाको एक मात्र छोरी र घरमा धनसम्पत्तिको कुनै कमी नभएकाले उहाँको बाल्यकाल सुखसयलमै बित्यो । स्थानीय आदर्श शिक्षा विद्यालयबाट वि.स. २००९ सालमा प्रारम्भिक शिक्षा हासिल गर्नुभएका उहाँ दाजुहरूसँग काठमाडौं आउनुभयो ।

**साडी लगाएर गएपछि भर्ना** : गोरखामा ५ कक्षा पास गरेर काठमाडौंको क्षेत्रपाटीमा रहेको कन्या मन्दिर विद्यालयमा आएर ९ कक्षा भर्ना हुन खोज्नुभयो तर उहाँलाई विद्यालयका प्रधानाध्यापकले सानो मान्छेलाई ९ कक्षा भर्ना गर्न मिल्दैन भनेर फर्काए । शायद सानो देखेर होला भन्ने उहाँलाई लाग्यो । त्यो राम्रो विद्यालय मानिन्थ्यो र त्यही विद्यालयमा जसरी पनि पढ्ने उपाय स्वरूप एकहप्तापछि फरि सारी लगाएर जानुभयो । नभन्दै प्रधानाध्यापक केदारनाथ न्यौपानेले फेरि आएको भनेर भर्ना गर्दिनुभयो । उमेर १२/१३ वर्ष थियो । उहाँका अनुसार गाउँमा ' गान्धिवादी शिक्षा' भनेर पढाइन्थ्यो, सिलाइबुनाइ जस्ता कुरा पनि सिकाइन्थ्यो, र आफू पनि पढ्नमा ध्यान दिने भएकाले पढाइ राम्रो थियो । पढ्ने एकदमै इच्छाका कारण कक्षा ९ र १० मा झन् मेहनत सोही विद्यालयबाट २०१८ सालमा एसएलसी उत्तीर्ण गर्नुभएको हो । एसएलसी दिएपछि भने फेरि गाउँ फर्किनुभयो र गाउँबाटै उहाँले प्राइभेट पढेर २०२१ सालमा आइए र २०२३ सालमा बिएसम्मको शिक्षा आर्जन गर्नुभयो । अझ पढ्ने इच्छा झन बढ्दै गयो । छोरीको इच्छामा बाबुआमाले पनि साथ दिनुभयो र फेरि स्नातकोत्तर अध्ययनका लागि उहाँ फेरि काठमाडौं आउनुभयो । बबरमहलमा रहेको भुवनलाल सिंहको होस्टेलमा बसेर त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गर्नुभयो । अर्थशास्त्रमा पनि स्नातकोत्तर गर्ने भनेर अध्ययन गर्न थाले पनि बिरामी भएका कारण परीक्षा दिन नसकेर त्यत्तिकै छोड्नुभयो ।

स्नातकोत्तरको अध्ययनका क्रमसँगै अब घरपरिवारबाट बिबाहको लागि कुरा हुन थाल्यो । सम्पन्न घरकी पढेलेखेको छोरी, केही कमी थिएन, त्यसैले पनि प्रस्तावहरू

धेरै राम्रा ठाउँबाट पनि आएको उहाँलाई बताइन्थ्यो । तर उहाँलाई भने विवाहप्रति रुचि लागेन र अविवाहित नै रहने निर्णय गर्नुभयो । बरु जागिरको खोजीमा रहनुभयो, आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने सोचेर ।

होस्टेल बसेर पढ्दै हुनुहुन्थ्यो । एक दिन गोरखापत्र पढ्ने क्रममा जागिरका लागि विज्ञापन देख्नुभयो । अंगुरबाबा जोशीको सिलाइबुनाइ सिकाउने/गराउने ठाउँ (ठमेल उद्योग केन्द्र) थियो, त्यहाँ सहायक संचालक पदको लागि भनेर विज्ञापन गरिएको थियो । उहाँले सो पदको लागि आवेदन दिनुभयो । उहाँलाई बोलाइयो, कुराकानी भयो र लगत्तै त्यहीं काम पनि शुरु गर्नुभयो । २०२४ सालमा शुरु गरेको त्यो काम (पहिलो जागिर) उहाँको मानसपटलमा ताजै छ । त्यतिबेला तलब मासिक २२८ रुपियाँ लिएको पनि भुल्नुहुन्न । आफू जागिर खान थालेपछि त्यही पैसाबाट होस्टेलको पैसा तिर्नुहुन्थ्यो । होस्टेल फी महिनाको एकसय पाँच रूपैयाँ थियो । बाँकी बचत हुन्थ्यो अर्थात आफ्नो तलबले आफूलाई मनग्य पुग्थ्यो । तर उहाँलाई पत्रकारिता पेशामा लाग्ने सोच आइसकेको थियो ।

उहाँको स्नातकोत्तर तहको पढाइ सकिएकाले राष्ट्र बैंकका तत्कालीन गर्भनर यादवप्रसाद पन्त (आफन्त पनि हुनुहुन्थ्यो) ले उहाँलाई सोही बैंकमा जागिर खान प्रस्ताव गर्नुभयो । तर उहाँ जानुभएन । उहाँलाई जागिर मात्रै भन्दा पनि फरक खालको पेशा अपनाउने सोच आइसेकाले अरु जागिरभन्दा कसरी पत्रकारिता शुरु गर्ने भन्नेमा केन्द्रित हुनुहुन्थ्यो । पत्रकार बन्ने निर्णय गरिसक्नु भएको थियो, फलस्वरूप पायो सञ्चार क्षेत्रले उहाँ जस्तो निडर र आत्मविश्वासी व्यक्तित्व ।

**पत्रिका प्रकाशनको शुरुवात** : पत्रकारिता क्षेत्रमा दिगोरूपमा लाग्न चाहनु भएका उहाँलाई आफैं पत्रिका प्रकाशन गर्ने इच्छा लाग्यो र ठिक पनि । मावलीतर्फको दाजु रामबहादुर तिवारीसँग पत्रिका प्रकाशन गर्ने कुरा मिल्यो र उहाँहरू मिलेर पत्रिका निकाल्न थाल्नुभयो । तत्कालीन अञ्चलाधीश कार्यालयमा नेपाली भाषामा 'ज्वाला' र अंग्रेजी भाषामा 'द विक्ली मिरर' नामक पत्रिका दर्ताको लागि आवेदन दिनुभयो । तर अंचलाधीश कार्यालयले अंग्रेजी भाषाको पत्रिकालाई प्रकाशन अनुमति दियो । राजनीतिक कारणले गर्दा नेपाली पत्रिका भने दर्ता गरिएन । अंग्रेजी पत्रिका धेरैले पढ्दैनन् भनेर निकाल्न दिएको र नेपाली पत्रिका प्रकाशन गर्न नदिएको उहाँ बताउनुहुन्छ । वि.सं. २०२७ सालमा दुईसय रूपैयाँ धरौटी राखेर 'द विक्ली मिरर' शुरु गरियो र त्यो बेलादेखि उहाँको पत्रकारिताको यात्रा पनि शुरु भयो । पत्रिका

बागबजारको अन्नपूर्ण प्रेसमा छापिन्थ्यो । सो प्रेसले एक वर्षसम्म उहाँहरूको पत्रिकालाई निःशुल्क छापेर सहयोग गर्‍यो । त्यस बेलादेखि गत वर्षसम्म अर्थात आफ्नो जन्मको ४७ वर्षसम्म 'द विक्ली मिरर' निरन्तर प्रकाशित भइरहेको छ । यो सामर्थ्य, यो बल सुन्दा अचम्म लाग्छ तर यो सत्य हो, कुनै पनि पत्रकार महिलाको लागि यो गौरव गर्ने विषय पनि हो ।

'द विक्ली मिरर' ले नेपाली समाजमा समाचार र विचार प्रधान पत्रिकाको रूपमा ख्याती कमाउन सफलता प्राप्त गरेको छ । यस पत्रिकामा विचार र लेख लेखेर प्रकाशन गर्नका लागि प्रायः सबै अंग्रेजी भाषा लेखकहरू लालायित रहन्थे । अंग्रेजी पत्रिका अनि सम्पादक महिला भएकाले होला चाँडै नै बजारमा यो पत्रिकाले आफ्नो अलग पहिचान बनाउन सफल भइसकेको थियो । उहाँलाई आफ्नो जीवनमा महिला भएर केही नभएको बरु आफू महिला भएकै कारण यो पत्रिकाप्रति सबैले विश्वास गरेको भन्ने लाग्छ । पत्रिकाको माग बढ्दै गयो, एक वर्षपछि यस पत्रिकाले विज्ञापन पनि पाउन थाल्यो । त्यो बेला पत्रिका तीनहजार प्रति निक्लन्थ्यो । वि.सं. २०२८ सालमा राजा महेन्द्रको मृत्यु भएपछि छापिनका लागि तयार भएको मुख्य पृष्ठ बदलेर उहाँले सबै सोही घटनालाई समाचार बनाएर पत्रिका छाप्नुभयो । पत्रिका पिपलबोटमा वितरणका लागि पुग्दा हारालुछ भयो । कुनै पनि पत्रिका त्यसबेला त्यहाँ पुग्न सकेको थिएन । त्यसपछि पत्रिकाको विश्वासनियता र लोकप्रियता अझै बढ्यो । पत्रिका चलाउन उहाँलाई झन् सजिलो हुँदै गयो र आँट पनि थपिँदै गयो ।

पत्रिका प्रकाशन गर्न आर्थिकरूपमा खासै समस्या भएन । बजारको समस्या पनि भएन । तर रातभर काम गर्नुपर्ने अवस्था भने पक्कै सहज थिएन । प्रायः रातको १२ बजेसम्म काम गर्नुपर्ने त्यसपछि छपाइ पनि लेटरप्रेसमा हुने भएकाले धेरै समय लाग्थ्यो । तर उहाँले गाह्रो काम भनेर छोड्नु भएन । महिला भएकै कारण गर्न नसक्ने भन्ने केही पनि छैन भन्ने सोचका कारण उहाँका दरिलो कदम कहिल्यै रोकिएनन् । समय यस्तो थियो, सम्पादक भएर पनि कहिलेकाहीं पत्रिका बोकेर पुतली सडकबाट न्यूरोडसम्म आफैं जानुपर्थ्यो । तर उहाँले हार मान्नु भएन । काम सानो वा ठूलो हुँदैन अर्थात यो गर्न हुने, त्यो गर्न हुँदैन भन्ने सोच उहाँमा पटक्कै आएन । उहाँको त्यस प्रकारको लगावले नै पत्रिका निरन्तर प्रकाशित भइरह्यो ।

चुनौतिपूर्ण कामबाट भाग्न हुँदैन भन्ने सोचाइ र नभाग्ने साहसी व्यक्तित्व हुनुहुन्छ अझै पनि । सोही आँट वा आत्मविश्वासले पत्रकारिता चुनौतिपूर्ण पेशा हो भन्ने जान्दाजान्दै रोज्नुभयो । जुन चुनौतिमै उहाँ रमाउनु हुन्थ्यो । पत्रिका प्रकाशित

भएपछि अचम्मको आत्मसन्तुष्टि प्राप्त हुने उहाँको रमाइलो अनुभव छ। जुन अरु पेशाबाट पाईंदैन भन्ने लाग्छ उहाँलाई । नेपाल भारतको सन्धि नवीकरण नहुँदा ताका उहाँको पत्रिका 'एन्टीइन्डियन' भएर छापिन थाल्यो । विचार लेख त्यसैमा केन्द्रीत हुन्थे । पत्रिकाको बिक्री झन् बढ्न थाल्यो । त्यो बेलामा भारतीय दुतावासले भने उहाँलाई बोलाएर विरोध नगर्न अनुरोध गर्नुका साथै अनेक प्रलोभन पनि देखाएको सँझैदै भन्नुहुन्छ, 'त्यो अनुरोध वा प्रलोभन दुवै इन्कार गरिदिन्थें, यसले काम गर्ने उत्साह भने थपिदियो ।' स्वतन्त्र र निर्भिक पत्रकारिता उहाँको लक्ष्य थियो, त्यसैले भनसुनले उहाँले देखेका र लेखेका समाचार रोकिँदैनथे, प्रकाशित भएरै छाड्थ्यो । "क्रिएटिभ जर्नालिज्म" उहाँको धेय थियो । यस्तै पहिचानसहित उहाँले आफ्नो पत्रिकालाई अगाडि बढाउनुभयो ।

काम गर्दा आफ्ना समकालीन सबैले सहयोग गरे । त्यो बेलाको समयमा एक्लै ' महिला' भएर पत्रिका निकाल्दा पनि कहिल्यै अप्ठ्यारो, असहज र असयोग महसुस नभएको उहाँको अनुभव छ। पत्रकारहरू गोपालदास श्रेष्ठ, मनोरञ्जन जोशी, वरुण शमशेर, गोपालप्रसाद भट्टराईलगायतको सहयोग र प्रोत्साहन त बिर्सनै सक्नुहुँदैन उहाँ ।

तत्कालीन राजा वीरेन्द्रको विकासका लागि राजनीति र शान्ति क्षेत्र नेपालको प्रस्तावको पक्षमा उहाँको पत्रिकाले निकै पैरवी गर्‍यो । उहाँको पत्रिकामा मोहनमान सैंजु, पशुपति शमशेर, प्रकाशचन्द्र लोहनी, बद्रिप्रसाद श्रेष्ठ आदिको पनि लेखरचना छापिन्थ्यो । पर्यटन र अन्तराष्ट्रिय सम्बन्धलाई विशेष महत्व दिने यो पत्रिका ६४ पेजसम्म पनि निकालेको उहाँले बताउनुभयो ।

**क्यान्सरले केही समय विश्राम** : २०७२ सालको कुरा हो, उहाँले नुहाउँदा एकदिन स्तनमा गिर्खा भेट्नुभयो । क्यान्सरको शंका लागिहाल्यो । तत्काल विपि कोइराला क्यान्सर अस्पताल भरतपुरमा जाँच गराउनु जानुभयो । नभन्दै उहाँको शंका मिल्यो अर्थात उहाँलाई 'स्तन क्यान्सर' भएको चिकित्सकको रिपोर्ट आयो । क्यान्सरलाई भयावह रोग मानिन्छ तर उहाँलाई त्यस्तो डर लागेन । किनकी डराएर पिर चिन्ता लिनु अर्को रोग थप्नु हो भन्ने थाहा थियो । त्यसैले राम्रोसँग उपचार गर्ने बाटो खोज्नुभयो । डा. प्रकाशराज न्यौपानेको टोलीले उहाँको दुई पटक शल्यक्रिया गरेर स्तन नै निकालेर फालिदियो । क्यान्सर नफैलिएका कारण अपरेशनपछि दिएको किमोथेरापीले उहाँ ठीक हुनुभयो । टाउकोको कपाल भने सबै काट्नु पर्‍यो ।

क्यान्सरबाट ठीक भएपछि घुँडा दुख्ने समस्या थपियो। दुई पटक घुँडाको पनि अपरेशन गर्नुपर्‍यो र अहिले स्टिलको घुँडा हाल्नु भएको छ।

२०७२ सालमा गएको भुकम्प, क्यान्सरको पीडाका कारण पनि उहाँको पत्रिका बन्द भएन। तर घुँडाको समस्याले हिंड्नै नसक्ने भएपछि बाध्यतावश पत्रिका बन्द गर्नुपर्‍यो। उहाँ अब हिंड्न सक्ने भएको र पत्रिकालाई निरन्तरता दिने तयारीमा गरिरहेको बताउनुहुन्छ। सकुञ्जेल पत्रिका छोड्नै सक्दिन भन्नुहुन्छ, 'उहाँ किनकि उहाँले अहिलेसम्म जे जे पाउनुभयो सबै त्यसैका कारण। त्यसैको कमाइले घर बनाएँ, प्रेस किनें, थुप्रै मान, सम्मान अनि बिर्सन नसक्ने माया पनि पत्रकारिता र मेरो पत्रिकाले।' उहाँको पत्रिकामा प्रकाशित समाचारहरू विदेशी पत्रपत्रिका लागि पनि विषय बन्थ्यो। द टाइम्स अफ इण्डिया, लण्डन टाइम्स जस्ता विश्वमै नाम चलेका सञ्चारमाध्यमले पनि उहाँका समाचार साभार गरेका थिए।

**हालको सक्रियता** : आफ्नो पुरै जीवन पत्रकारितामा बिताउने प्रणका साथ शुरु गर्नुभएको त्यो पत्रिका 'दि विक्ली मिरर' अब फेरि जन्मिनेछ। आफू पत्रकार बनेकोमा एकदमै सन्तुष्ट रहेको बताउने उहाँ पत्रिका निस्केको दिन प्रसव पीडापछि आमाले जन्माएको सन्तानको रूपमा सुखदको अनुभूति गर्नुहुन्छ। तर अहिले भैरहेको पत्रकारिताप्रति भने अलि भिन्न विचार छ, हिजोआज धेरै पत्रिका र अनेक विचारले पत्रकारितामा प्रसय पाएकोले पत्रिकाको विश्वसनीयतामा ह्रास आएको महसुस हुन्छ। सञ्चारिका समूहको संस्थापक अध्यक्ष रहनु भएका पन्त अहिले त्यो संस्था ' एनजिओ' बढी भए जस्तो लाग्छ, जुन आफूलाई चित्त नबुझेको उहाँ बताउनुहुन्छ। शुरुमा गौरी केसी अध्यक्ष भएर शुरु भए पनि पछि उहाँले छोडेपछि उहाँको नाममा दर्ता गरेको र दुई पटक अध्यक्ष भएको उहाँ बताउनुहुन्छ। पत्रकारिता क्षेत्रमा लाग्ने महिलालाई प्रोत्साहन दिनुपर्ने, सञ्चारसम्बन्धी नीति नियम महिलामैत्री बनाउनुपर्ने उहाँको सुझाव छ।

उहाँ हाल 'नेपाल-चीन मैत्री समाज' को अध्यक्ष हुनुहुन्छ। उहाँले चीन, जर्मन, भारत, सिंगापुर, थाइल्याण्डको भ्रमण गर्नुभएको छ। उहाँले 'ए हाफ डिकेड अफ पिस प्रोसेस' (२००५-२०१०), 'इटस च्यालेन्जेज एण्ड प्रोस्पेक्टस्', 'नेपाल चीन सिक्टी इयर्स अफ डाइनामिक पाटनरसिप', 'बुद्धिजम् इ आइकन अफ कल्चर लिंकेज अफ चाइना' जस्ता पुस्तकको सम्पादन गर्नुभएको छ। ■